साँफेबगर नगर पालिका

# नगर कार्यपालिकाको कार्यालय

साँफेबगर अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व २०७९/८० को नीति तथा कार्यक्रम

समृद्ध, सुन्दर साँफेबगर,
बनाऔं राष्ट्रकै नमूना नगर
साँफेबगर नगरपालिका,अछामको आगामी आ.व.०७९/०८०को बार्षिक नीति,तथा कार्यक्रम
प्रस्तुत मिति २०७९ असार १० गते

**यस साँफेबगर नगरपालिकाकोदोस्रो नगर सभा- २०७९को नवौं अधिवेशनका अध्यक्ष तथा नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर ज्यू,नगर सभासद ज्यूहरु,**

नेपालको संविधान बमोजिम साँफेबगर नगरपालिकाको आगामी आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गर्व महशुस गरेको छु । मुलुकलाई निरङ्कुश सामन्ती शासन प्रणाली बाट जनताका प्रतिनिधी मार्फत राज्यको शासन सञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्र सम्म ल्याईपु-याउने क्रममा आफ्नो प्राणको आहुती गर्नुहुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । इतिहासको त्यो संगिन मोडमा आफ्नो पारिवारीक र व्यक्तिगत स्वार्थको रत्तिभर प्रवाह् नगरी निरन्तर राष्ट्र र राष्ट्रियता प्रति ओतप्रोत भई सदासर्वदा जनताको बृहत्तर हितका खातिर राष्ट्रहितमा समर्पित भई राष्ट्रको आमूल परिवर्तन गर्ने उद्धेश्यका साथ विभिन्न कालखण्डमा भएका आन्दोलनहरुको नेतृत्व गर्नुहुने ती अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु साथै नेपालको संबिधान २०७२ ले दिएको अधिकारलाई स्थानीय सरकार मार्फत कार्यान्विन गर्नको लागि २०७९ साल बैशाख ३० गतेको निर्वाचनमा स्व-स्फुर्त सहभागी हुनुहुने नगरवासी दाजुभाई दिदीबहिनी तथा आमाबुवा र आफ्नो अमुल्य समय दिनुहुने आम बुद्दिजीवी व्यावसायी तथा कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**आदरणीय अध्यक्ष महोदय,**

अब म यस साँफेबगर नगरपालिकाको आ.व. २०७९/०८० मा यस नगरपालिकाले लिएको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आ.व. २०७९।८० को नीति तथा कार्यक्रमहरू**

**स्वास्थ्य**

- प्रसुति गृह संचालन नभएका स्वास्थ्य संस्थाहरू(नवाठाना र चण्डिका) मा प्रसुति गृह संचालन गरिनेछ।
- स्वास्थ्य संस्थाहरूलाइ पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै लैजाने ब्यबस्था मिलाइने छ ।
- स्वास्थ्य संस्था न्यूनतम सेवा मापदण्ड मापन कार्यक्रमलाइ निरन्तरता दिईने छ ।
- स्वास्थ्य विमा कार्यक्रमलाइ प्रभावकारी रूपमा लागु गरिने छ ।
- नगरपालिकाको स्वास्थ्य पाश्वचित्र निर्माण गरिने छ ।
- दुर्गम बडाहरूमा एकीकृत स्वास्थ्य शिविर संचालन गरिने छ ।
- प्रसुति गृहमा कार्यरत नर्सिङ स्टाफको लागि SBA तालिमको ब्यबस्था गरिने छ ।
- स्वास्थ्य संस्थाहरूको सामाजिक परिक्षण अनिवार्य गर्ने ब्यबस्था मिलाइने छ ।
- पोषण विशेष कार्यक्रमहरू संचालन गरिने छ ।
- अल्ट्रासाउण्ड कार्यक्रमलाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- उत्कृष्ठ कर्मचारी र महिला स्वास्थ्य स्वयम सेविकालाइ सम्मान गरिने छ ।
- स्वास्थ्य संस्थाका मापदण्ड अनुसारका भवन निर्माण कार्यलाइ निरन्तरता दिइने छ ।
- महिला स्वास्थ्य स्वंयम सेविकाहरूलाई प्रोत्साहन रकमको ब्यबस्था गरिने छ ।
- सुरक्षित गर्भपतन सेवालाई विस्तार गरिने छ ।
- नगरपालिका भित्र रहेका शहरी क्लिनिक व्यवस्थितरुपमा संचालनमा ल्याईनेछ ।

बहुक्षेत्रीय पोषणः

- उप-प्रमुख कोशेली कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सुनौला १००० दिनका आमाहरु र शिशुलाई पोषणका लागि आवश्यक ब्यबस्था मिलाईने छ र बहुक्षेत्रीय पोषण कार्यक्रमलाई एकद्वारप्रणालीमार्फत सञ्चालनमा ल्याईने छ ।
- गर्भवती, सुत्केरी, २ बर्ष मुनिका बालबालिका र किशोरीको पोषण तथा सरसफाईको अवस्थालाई मध्येनजर गरि प्रत्यक्ष लाभ पाउने खालका कार्यक्रम संचालन गरिने छ ।
- लैंगिक हिँसा न्यूनीकरण र पोषण सरसफाई सम्बन्धि विभिन्न जनचेतना मुलक अभियान र सडक नाटक जस्ता कार्यक्रमहरु गरिने छन ।
- सुनौला १००० दिनका घरपरिवारहरुमा एक घर एक गडो तरकारी कार्यक्रम संचालन गरिनेछ ।
- महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरुलाई मध्यनजर गर्दै लक्षित क्रियाकलापहरु घर परिवार र समुदाय स्तर सम्म संचालन गरिने छन
- लक्षित समुहको पहिचान गरि उनीहरुको सहभागितामा, पोषण लक्षित तथा पोषण संबेदनशील कार्यक्रम संचालन गरिने छ ।
- बिद्यालय भित्र र बिद्यालय बाहिर रहेका किशोर/किशोरिहरुको लागि जीवनउपयोगी सिप सम्बन्धि क्रियाकलाप संचालन गरिने छ ।
- पोषण सम्बन्धि संचार माध्यम संग अन्तरक्रिया छलफल लगायत संदेश मुलका कार्यक्रम संचालन गरिने छ ।
- वडा र नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठकलाई निरन्तरता दिइनेछ ।
- स्थानीय खाद्य पदार्थमा पाईने पोषक तत्वहरुको सम्बन्धमा सचेतना अभिबृदि गर्ने कार्यक्रम संचालन हुनेछ ।
- बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको पोषण संग सम्बन्धित क्षेत्रहरु कृषी,पशुपन्छी,खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, शिक्षा,स्वाथ्य तथा स्थानीय सुशासनलाई समन्वयनात्मक रुपमा परिचालन गरिने छ ।
- पोषण विशेष, पोषण  सम्बेदंसिल र पोषण समर्थ बनाउने बातावरण सम्बन्धि कार्यक्रमहरुको बिस्तार गरि महिला किसोरी तथा बालबालिकाको पोषण  अबस्थामा सुधार ल्याई मानवपुंजीको बिकास गर्ने नीतिको अवलम्बन गरिने छ ।
- बाल पोषण अनुदान,खोप कार्यक्रम,बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोसण योजनालाई समाबेश गर्दै पूर्ण पोसण मैत्री स्वास्थ्य संस्था, वडा हुदै स्थानीय तह घोषणा तर्फ उन्मुख गर्ने नीति लिई सो अनुसारका कार्यक्रमहरु संचालन गरिने छन ।
- नेपाल सरकारले अवलम्बन गरेको बहुक्षेत्रिय पोसण योजनाले ईन्कित गरेका कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**पशु सेवा शाखाः**

- आगामी ५ बर्ष भित्र नगरपालिकालाई दुध र माशुमा आत्मनिर्भर बनाउनमा जोड दिईनेछ ।
- साँफेबगर नगरपालिका अन्तरर्गतरहेका १४ वटै वडामा पशुपंछी तथ्यांक संकलनर पशु जन्य उत्पादनको तथ्यांक संकलन गरी हाल  नगरपालिकामा रहेको पशुजन्य पदार्थको आयात तथा निर्यातको बारेमा सर्वेक्षण गर्न नगर स्तरिय पशु विकास योजना प्रोफाईल तयार गरिनेछ ।
- उक्त पशु विकास योजना प्रोफाइल, र नगर कार्यपालिकाको सुझाबको आधारमा  साँफेबगर नगरपालिकामा रहेका पशु पालक कृषक उद्यमी तथा ब्यबसायि हरुलाई सहयोग गरिनेछ ।
- नेपाल सरकार कृषि तथा पशुपंछी मन्त्रालय र्को दुध, मासु र अण्डामा आत्मनिर्भर गर्ने भनि लियको निति तथा लक्ष अनुसार यस नगरपालिका लाई पनि आत्मनिर्भर बनाउन पशुपालन ब्यबसाय संचालन गर्न यूवा जनशक्तिलाई  प्रोत्शाहान गरी मागमा अधारित यूवा लक्षित कार्यक्रमलाई जोड दिईने छ ।
- पशुपालन ब्यबसायको मुख्य आधार भनेको घाँस विकास भएकोले घाँस विकासको लागी नगरपालिका भित्र सम्भाब्यता अध्ययन गरी विभिन्न किसमका घाँसका नर्सरी स्थापना गर्ने, हिउदे, वर्षे, र बहु वर्षे घाँसका विउँ उत्पादनमा कृषक हरुलाई प्रोत्साहान गरी घाँस उत्पादनमा जोड दिईने छ । साँथै बनजंगल नोक्सानी तथा

भुक्षय हुनबाट जोगाई वातावरणीय दुश प्रभाव न्यूनिकरण गर्न विभिन्न किसिमका भुई तथा डालेघाँस रोपण गरिनेछ र खाली रहेको जमिनलाई सदुउपयोग गर्न घाँस पकेट क्षेत्र विकास गरिनेछ ।

- स्वच्छ मासु दुध तथा फुल उपभोग गर्न पाउने उपभोक्ताको अधिकार लाई सुनिश्चत गर्न संकलन केन्द्र, पशु बधशाला, मासु पसल र डेरी पसल स्थापना गरी गराई नेपाल सरकारको मापदण्ड अनुसार ब्यबस्थित गरिनेछ । यसको लागी पशु सेवा शाखा, नगर कार्यपालिका र सम्वन्धित निकायबाट अनुगमन र निरक्षणको ब्यबस्था मिलाईनेछ ।
- उत्पादित पशुपंछीजन्य उत्पादनको वजारीकरण लाई ब्यबस्थित गर्न र सुनिश्चता कायम गर्न पशु हाटबजार, संकलन केन्द्र स्थापना गरी वजार प्रवर्द्धन र विस्तार गर्ने कार्यक्रम योजनामा समावेश गरिनेछ ।
- ब्यबसायिक पशुपंछी फार्म संचालन गर्न विशेष अनुदानको ब्यबस्था गरी यूवाहरुलाई पशुपंछी ब्यबसायमा आकर्षित गराईने छ ।
- पशुपंछीमा लाग्ने विभिन्न किसिमका रोगहरुको नियन्त्रण तथा निवारण गर्न र पशु रोग निदानको लागी पशु ल्याब संचालन तथा पशु विमा संचालन गरी पशु धनको सुरक्षण गरिने छ । साँथै विभिन्न रोगको उपचार तथा खोप लगाउने ब्यबस्था मिलाईने छ ।
- कम उत्पादन क्षमता भएका पशुको वहिरगमन गरी उन्नत नश्लका पशुपंछीको आगमन गर्न र पशुजन्य उत्पादनलाई बढाउनको लागी प्राकृतिक पशु प्रजननमा उन्नत पाडा, साढे र बोका वितरण गरिनेछ भने कृर्तिम पशु प्रजननका लागी राष्ट्रिय पशु प्रजनन् केन्द्र पोखरा र मातहतका निकाय संग समन्वय गरी कृर्तिम गर्भाधान सेवा विस्तार गर्न पहल गरीने छ ।
- नगरपालिकाको सबै वडामा पशु पालन तथा ब्यबसाय समन्धि प्राविधिक सेवा दिन उचित ब्यबस्था मिलाईनेछ ।
- कृषकको शिप, ज्ञान र क्षमता अभिवृद्धि गर्न विभिन्न किसमका तालिम, गोष्ठी, सेमिनार, र अन्तर जिल्ला भ्रमणको आयोजना गरीनेछ ।
- किसान मैत्री कार्यक्रम तथा योजनाको लागी सम्बन्धित क्षेत्रका कृषक प्रतिनिधि, ब्यबसायिक कृषक, उद्यमी ब्यबसायी, पशु सेवा शाखा, नगर कार्यपालीका र जन प्रतिनिधि विच समय समयमा समन्वय र अन्तरक्रिया गरी कार्यक्रम गरिने छ ।
- विश्वकै सानो र दुर्लभ अछामी नौमुठे गाईको संरक्षण, समवद्र्धन, प्रवद्र्धन विशेष जोड दिइने छ । साँथै उत्पादन र उत्पादकत्व बढाउन पहल गर्ने ।
- पशुपंछीको विकासको क्षेत्रमा काम गर्ने अन्य दातृ निकाय संग समन्वय गरी आवश्यक आर्थिक, भौतिक तथा प्राविधिक सहयोग जुटाउन पहल गरिनेछ ।
- संक्रामण तथा माहामारीको रुपमा फैलिने पशुपंछीका रोगहरु लाई रोक्नको लागी अन्तर प्रदेश, जिल्ला र अन्य वाहिरि क्षेत्रमा आयात निर्यात गरिने पशुपंछी तथा पशुजन्य पदार्थको गुणस्तर निर्धारण गरिनेछ र सो को लागी अनुगमन निरक्षण गर्ने ब्यबस्था मिलाई आयत निर्यातमा भेटनरी निरक्षकको सिफारिस अनिवार्य गराईनेछ ।
- वर्तमान अवस्था सुहाउदो बैज्ञानिक तथा आधुनिक प्राविधिक सेवा दिनको लागी प्राविधिक कर्मचारीको क्षमता अभिवृद्धि गर्न क्षमता अभिवृद्धिका कार्यक्रमलाई समावेश गरिनेछ ।
- पशु सेवा शाखा लाई औजार, उपकरण र अन्य आवश्यक साधन तथा सामग्रीको लागी ब्यबस्था मिलाईनेछ ।
- उन्नत नश्लका पशुको विकासका लागी शत प्रतिशतका साढे, रागा, तथा बोका, वितरण गरी उन्नत जातका पशुहरुको श्रोत स्थापना गर्नमा पहल गरीने छ ।

- मासुको अत्मनिर्भताका लागी बाख्रा प्रवर्द्धन तथा वजारीकरण पकेट कार्यक्रम संचालन गरिने छ ।
- पशुजन्य पदार्थबाट नगरलाई आत्मनिर्भर तिर उन्मुख गराउन पशुपालन सांझेदारी कार्यक्रम संचालन गरिनेछ ।

**कृषि विकास :**

१. उत्पादनमुलक कार्यक्रमहरु तर्फ

- आगामी ५ बर्ष भित्र नगरपालिकालाई खाद्यान्न, फलफुल तथा तरकारीमा आत्मनिर्भर बनाउने लक्ष्य लिईनेछ ।
- एक वडा एक उत्पादन नीति अवलम्बन गरिनेछ ।
- नगरका उत्कृष्ट कृषकहरुलाई बार्षिक रुपमा सम्मान तथा पुरुस्कृत गरिनेछ ।
- मौसम अनुसार बगर खेतीको सुरुवात गरिनेछ ।
- रैथाने बालीको विशेष प्रबर्द्धन गरिनेछ ।
- बिभिन्न बालीको पकेट प्रबद्र्धन कार्यक्रम (तरकारी,फलफुल, आलु ) संचालन गरीने छ ।
- बिज बृद्धि ( खाद्यान्न ( धान, गहुँ ) र तरकारी (केराउ, रायो, सिमि ) कार्यक्रम संचालन गरीने छ ।
- सिचाईको समस्या भएका ठाँउमा थोपा सिचाई सहितको तरकारी खेती कार्यक्रम संचालन गरीने छ ।
- नगर–प्रमुख कृषक कार्यक्रम संचालन गरीनेछ ।
- करेशाबारी स्थापनाका लागी हिउदे तथा बर्षे तरकारी बालीहरुको मिनिकिट बितरण गरीने छ ।
- नगरपालिकाको सबै वडाका अगुवा ब्यबसायिक कृषकहरुलाई सिचाईको समस्या भएका ठाउमा सिचाई पाईप बितरण गरीने छ ।
- बिभिन्न बालीमा उत्पादनमा आधारीत प्रोत्साहन तथा सम्मान कार्यक्रम संचालन गरीने छ ।
- च्याउ खेती उत्पादन कार्यक्रम संचालन गरीने छ ।
- भकारो सुधार कार्यक्रम संचालन गरीने छ ।
- तरकारी बालीहरुमा कृषक पाठशाला कार्यक्रम संचालन गरीने छ ।
- बिभिन्न बालीको नमुना फलफुल बगैचा स्थापना कार्यक्रम संचालन गरीने छ ।

२. कृषकहरुको क्षमता अभिबृद्धि कार्यक्रम तर्फ

- एक वडा एक आई.पी.एम पाठशाला संचालन गर्न पहल गरिनेछ ।
- नगर भित्रका कृषकहरुको क्षमता अभिबृद्धि (स्तरीय तालिम, भ्रमण, गोष्ठी) कार्यक्रम संचालन गरीने छ ।
- कर्मचारी,जनप्रतिनिधिहरु,व्यापारीहरु र कृषकहरु संग बजारीकरण सम्बन्धि अन्तरक्रिया गोष्टि कार्यक्रम संचालन गरीने छ ।
- कृषकहरुको उत्पादन तथा व्यवसायहरुलाई उत्साहित तथा प्रोत्साहन गर्नको लागी कृषि मेला प्रर्दशनी संचालन गरीने छ ।

३. कृषि औजार तथा उपकरण प्रबद्र्धन कार्यक्रम तर्फ

- कृषि उपज तथा खाद्यान्न बालीलाई जंगली जनावरहरुबाट बचाउनको लागि आवश्यक औजार तथा उपकरण व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- नगरका १ देखि १४ वटा वडाहरुमा मिनिटिलर बितरण कार्यक्रम संचालन गरीने छ ।
- बिउ भण्डारणका लागी २५ प्रतिशत अनुदानमा मेटलविन बितरण कार्यक्रम संचालन गरीने छ ।
- गहुँ चुट्ने थ्रेसर, धान बताउने पंखा बितरण गरीने छ ।

**<u>सुचना प्रविधि :</u>**

- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाको आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने , Website का साथै Social Media हरु मार्फत सूचनाको व्यवस्था मिलाईने छ ।
- नव – निर्वाचित जनप्रतिनिधिहरूलाई सूचना प्रविधि बारे "डिजिटल साक्षरता तालिम " व्यवस्था मिलाईने छ ।
- शिक्षा क्षेत्रमा ICT सम्बन्धित अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम गरिनेछ।(साइबर क्राइम, सूचना प्रविधिको उपयोगिता)
- कार्यालयमा कर्मचारी र सेवाग्राहीको बीचमा प्रत्यक्ष भेटघाट अन्त्य गरी भ्रष्टाचार जन्य गतिविधिको अन्त्यको लागि विभिन्न Payment Gateway मार्फत भुक्तानीको व्यवस्था मिलाईने छ ।
- नगरपालिका र वडा कार्यालयहरुमा एकिकृत "smart attendance system" प्रणाली प्रयोग गरि मुल्याङकन गर्ने विधिलाई व्यवस्थित गरिनेछ ।
- नगरका मुख्य बजार क्षेत्रलाई Free Wi-Fi Zone बनाईने छ ।
- नगरका सवारी साधनहरुमा GPS Devices जडान प्रणालीको सुरुवात गरिनेछ ।
- विद्यालयमाइन्टरनेटकोपहुंचमासुनिश्चितताप्रदानगरिनेछ।
- वडारनगरबाटहुनेसिफारिसहरुमाएकरुपताल्याउनई-सिफारिस प्रणालीको वयवस्था मिलाईने छ ।
- नगरमा प्रयोग भइरहेका सम्पूर्ण प्रणाली(वेबसाइट, डाटा पोर्टल, कृषि व्यवस्थापन प्रणाली, न्यायिक व्यवस्थापन प्रणाली,पूर्वाधार व्यवस्थापन प्रणाली आदि) र अभ्यासहरुलाई निरन्तरता दिई सम्बन्धित निकायहरुसंग आवश्यक समुन्वय र साझेदारीका साथ विकास निर्माणका कार्यहरु सहज र प्रभावशाली बनाईने छ।
- किसानहरुलाई प्रविधि मैत्री बनाउन र प्रविधियुक्त कृषी प्रणालीमा जोड दिई सम्पूर्ण जानकारी मलखादको प्रयोग, नयां प्रविधि, कृषि यन्त्र औजारको प्रयोग, चिस्यान केन्द्र, वीउ विजन, कृषि उत्पादनमा बिमा र बजार क्षेत्रको जानकारी भएको एक मोबाईल एप्प निर्माण गरिने छ ।

**<u>विद्युत तथा उर्जा :</u>**

- विशेष तह: विद्युत नपुगेको वडा पातलकोट, देवीस्थान, खप्तड, बाब्ला र बुढाकोटका टोलहरुमा यथाशिघ्र विद्युत पुर्याउन विशेष पहल गरिनेछ ।
- २५ युनिट सम्मको विजुली निशुल्क गरिने छ ।

**<u>वन वातावरण तथा भूसंरक्षणः</u>**

- मेरो ठाउ हरित गाउ बनाउन खालि स्थानमा बृहत वृक्षारोपण अभियान संचालन गरिनेछ,
- नगरको उचित स्थानमा बोट बिरुवा उत्पादनको लागि नर्सरी स्थापना गर्न जिल्ला वन डिभिजन कार्यालय संग समन्वय गरिनेछ ,
- पहिरो नियन्त्रण र भू-संरक्षणका लागि वृक्षारोपण कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ,
- पानीको मुहान संरक्षणका लागि रिचार्ज पोखरी र दहहरु निर्माण गरिनेछ,
- वन कार्यालयको समन्वयमा वन पैदावरको चोरी निकासी तथा जंगल संरक्षणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ,
- सामूदायिक वनको संरक्षण गरी व्यवस्थित गरिनेछ,
- विपद् व्यवस्थापन समितिका सदस्यहरुलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमूखीकरण तालिम दिइनेछ ।

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापनः**

- नगरमा रहेका घर तथा व्यावासायहरुको दर्ता प्रणाली लागु गरिनेछ।
- नगरपालिकामा भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागू गरिनेछ ।
- सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरु समाबेशीताको मापदण्ड पुर्याई निर्माण गर्न प्रोत्साहित गरिनेछ ।
- नगरपालिकाले निर्माण गर्ने सबै प्रकारका भौतिक पूर्वाधार उपभोक्ता समूह वा समुदायमा आधारीत समूह वा संस्थाहरु मार्फत सञ्चालन गरिने तर प्राविधिक दृष्टिकोणले उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्न कठिनाई हुने आयोजनाहरुको निर्माण कार्य ठेक्का प्रणाली मार्फत सञ्चालन गरिनेछ ।
- सबै प्रकारका भौतिक पूर्वाधारहरुको योजना तर्जुमा प्रक्रिया देखी सम्पन्न भएर हस्तान्तरण प्रक्रिया सम्म आइपुग्दा सबर्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता प्रक्रियाहरु मार्फत अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गरेर मात्र घर निर्माण गर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।
- व्यक्तिगत जग्गामा निर्माण भएका घरहरुको नक्सा अभिलेखीकरण गरिनेछ ।
- हाट बजार र एअरपोर्ट बजार जोड्ने पक्कि पुल निर्माणको लागि पहल गरिनेछ ।
- एअरपोर्ट बजार छिपेखोला करिडोरमा बाईपास पक्कि सडक निर्माणको लागि पहल गरिनेछ ।
- साँफेबगर नगरपालिका भित्रका नगर सडकको स्तरउन्नति गर्न DPR तयार पारी प्रदेश, संघीय सरकारसंग आवश्यक बजेट माग गरी कार्यान्वियन गर्ने गराउने,
- नगर क्षेत्रका उच्च मा.वि., मा.वि. तथा क्याम्पसहरुको स्तरउन्नति गर्न गुरु योजना निर्माण गरी प्रदेश संघिय सरकार संग सहकार्य गरी आवश्यक बजेटको व्यवस्था गरी कार्यान्वियन गर्ने ।
- नगर परिसरको स्तरउन्नति गर्न आवश्यक बजेटको व्यवस्था मिलाई कार्यान्वियन गर्ने ।
- वडा कार्यालयहरुको गुरु योजना तयार पारी प्रदेश, संघीय सरकारसंग आवश्यक बजेट माग गरी कार्यान्वियन गर्ने गराउने ।
- नगरका विभिन्न प्रकृतीका निर्माण योजनाको लागि साझेदारी कोषको ब्यवस्था मिलाई कार्यान्यिन गर्ने ।
- नगर क्षेत्रमा नगर सडक पुग्न नसकेको टोल बस्तीमा सडक संजाल जोड्ने,
- सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**जलस्रोत तथा सिंचाईं**

- मझौला र ठुला सिंचाई योजनाहरुको प्राथमिकीकरण गरि निर्माणको लागि संघ तथा प्रदेशमा माग गरिनेछ ।
- लघु तथा जल विद्युत आयोजना बाट विद्युत उत्पादन कार्यमा सहयोग गरिनेछ ।
- सूचकहरुको आधारमा केही बस्तीहरुमा सौर्य उर्जा प्रविधि जडान गरिनेछ ।
- कृषि सिंचाइलाई विशेष प्राथमिकताका साथ हेरीनेछ ।
- बुढीगङ्गातटीय क्षेत्रको संरक्षरण गर्नDPR तयार पारीप्रदेश,संघीय सरकार संग सहकार्य गरी आवश्यक बजेटकोव्यवस्था मिलाई कार्यान्वियन गर्ने गराउने ।

**<u>योजना अनुगमन तथा मूल्याङ्कन</u>**

- नगर भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको गुणस्तर परिक्षणका लागि विभिन्न चरणमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- सफल र उदाहरणीय कार्य सम्पन्न गर्ने योजना निर्माण उपभोक्ता समितिलाई पुरुस्कृत गरिनेछ ।

**खानेपानी तथा सरसफाईः**

- नगर क्षेत्रभित्र स्वच्छ र सुलभ रुपमा खानेपानी आपूर्तीको व्यवस्था गरिनेछ ।
- बजार क्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापन गर्न नगरवासी र वजार ब्यबस्थापन समिति संग समन्वय गरी फोहोरमैला ब्यबस्थापन गरिने छ ।
- नगर क्षेत्रभित्रको फोहोरमैला लाइदिगो रुपमा व्यवस्थापन गर्न डम्पिङ साइट निर्माण कार्य तिब्रताका साथ अगाडि बढाई सुचारु गरिनेछ ।
- पूर्ण सरसफाई नगर घोषणा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- एक घर एक धारा कार्यक्रम सवै वडामा लागु गरिनेछ ।
- नगरपालिकाको बजार क्षेत्रमा ठाँउठाँउमा फोहोर न्यूनिकरणका लागि डस्टविन राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र फोहोर संकलन गर्ने गाडि लाई नियमित रुपमा परिचालन गरिनेछ ।
- खानेपानि उपभोक्ता समितिहरुलाइ दर्ता गर्ने ब्यबस्था मिलाइने छ ।
- कुहिने र नकुहिने फोहोरलाइ छुट्टाछुट्टै संकलनको ब्यबस्था मिलाइने छ ।
- डम्पिङ साईडको व्यावस्थापन गरि संचालनमा ल्याईनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

- समाजमा रहेका कुरिती, लैंगिक हिंसा विरुद्द चेतनामुलक कार्यक्रम तथा अभियान संचालन गरिनेछ
- सामाजिक, आर्थिक र राजनीतिक रुपले पछि परेका विपन्न, दलित तथा एकल महिलाहरुलाई क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिनेछ |
- बालबालिकाहरुको हक, अधिकार संरक्षण, संम्बर्द्धन र बालविवाह न्युनीकरणका लागि बालक्लब गठन र क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिनेछ |
- आमा बुवा गुमाएका बालबालिकाहरुका लागि सहयोग तथा सशक्तिकरण गर्ने नीति लिइनेछ |
- लैंगिक विभेद, जातीय विभेद, घरेलु हिंसा तथा महिला हिंसा न्यूनीकरण कार्यक्रम गरिनेछ |
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, तीज कार्यक्रम, नारी दिवश, जेष्ठ नागरिक दिवस, बाल दिवस जस्ता कार्यक्रमहरु संचालन गर्दै लगिनेछ |
- ग र घ वर्गको अपांगता भएका बालबालिका हरुलाई शैक्षिक सामग्री वितरण गर्ने |
- मर्यादित महिनावारी व्यवस्थापनका लागि सचेतनामुलक कार्यक्रम संचालनमा निरन्तरता दिने |
- महिला समुह समिति तथा संस्था गठन तथा परिचालन र महिला सहकारी संस्था गठन र नियमित बैठक संचालन गर्ने |
- महिला विकास कार्यक्रम द्वारा प्रवर्दित महिला सहकारी संस्थाहरुको सुदृढीकरण गर्ने |
- बालबालिकामा रहेको कुपोषण घटाउने सम्बन्धि नियमित कार्यक्रम संचालन गर्ने |
- अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्ग शिविर संचालन गर्ने |
- महिलाहरुको पाठेघर खस्ने सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने |
- महिलाहरुको पाठेघर खसेको, कुपोषित बालबालिका, घरेलु हिंसा, लैंगिक हिंसा परेका व्यक्तिहरुको तथ्यांक संकलन गर्ने |
- दलित (एकल) महिला, एकल महिला , आमा बुवा विहिन बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सम्बन्धि कार्य गर्ने |
- लैंगिक हिंसा निवारण कोषलाइ निरन्तरता दिने र आपतकालीन बाल राहत कोष र एकल महिला कोष स्थापना गर्ने |

- जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने सम्बन्धि नीति बनाउने |
- सुनौला १००० दिनका आमाहरुसंग नगर उप-प्रमुख कार्यक्रम संचालन गरिनेछ |
- ज्येष्ठ नागरिकसंग नगर प्रमुख कार्यक्रम गरिनेछ ।

**शिक्षा**

- जेहेन्दार विपन्न विधार्थीका लागि शैक्षिक सहायता कोषको स्थापना गरिनेछ ।
- कक्षा ५ लाई नगर स्तरीय परीक्षाको रुपमा संचालन गरिनेछ ।
- शिक्षक महासघ, सघ, संगठनको सहकार्यमा नगरपालिकामारहेको मौज्दात शिक्षक दरबन्दी मिलान गरि नगरपालिका भित्रका सबैविद्यालयहरुमा शिक्षक अभाव पुर्ती गरिनेछ।
- विद्यार्थी संख्या न्यूनरहेका विद्यालयलाई वडाको सहकार्यमा नजीकको बिद्यालयमा समायोजन गरिनेछ।
- समुदायमा आधारित बालबालबिकासलाई तत्काल अर्को व्यवस्था नभए सम्मनजिकको प्रा.बि.मा अस्थायी व्यवस्थापन गरि बालबिकास सहजकर्तालाई प्रा. वि. माअध्यापन गराउने व्यवस्था मिलाइने छ।
- सामुदायिक बिद्यालयमा सूचनाप्रबिधिको पहुँच सुनिस्चितताका लागी कम्प्युटर,प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामग्री नगर तथा वडाबाट उपलब्ध गराउने व्यव्स्था मिलाइनेछ । प्रत्येक विद्यालयमा बिधुत आपूर्तिको ब्यवस्था मिलाइनेछ ।
- बिद्यालयको भौतिक संरचना, गणस्तरीय शिक्षा चुस्त प्रशासन व्यबस्थापनमा प्र.अ. को महत्वपूर्ण भूमिका हुने भएकोले आगामी दिनमा प्र.अ.को प्रस्तावनाका आधारमा प्र.अ.को व्यबस्थापन गरिनेछ ।
- कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९/८० लगायत, शिक्षा ऐन तथा नियममा आएको परिवर्तन सम्बन्धमा बिद्यालयहरुलाइ अभिमुखिकरण गराइनेछ।
- नगरमा नगरको सहकार्यमा माध्यमिक विद्यालयका प्रधानाध्यापक र वडामा वडाको सहकार्यमा आधारभूत विद्यालयका प्रधानाध्यापकहरुको प्रत्येक महिनाशैक्षिक अन्तरक्रियात्मक बैठक आयोजना गर्नेव्यवस्था मिलाइनेछ।
- आधरभूत तहकक्षा–८ को अन्त्यमा लिइदै आएको परिक्षालाइ थपब्यवस्थित गरिदै लगिने छ। साथै विद्यालयतहको अन्तिम परिक्षाको व्यवस्थापननगर बाट गरिनेछ।
- विद्यालय कर्मचारी तथा बालबिकास शिक्षकहरुलाइ प्रोत्साहित गर्न नेपाल सरकारले निर्देशन गरेको रकम नगरपालिका बाट उपलब्ध गराइनेछ ।
- शिक्षा क्षेत्रको योजना तथा स्थानीय पाठ्यक्रमलाई क्रमशः प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ। शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागी आवश्यक बजेटको व्यवस्थापन गरीनेछ।
- नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालयको भौतिक पुर्वाधार बिस्तार गरिनेछ।
- विद्यालयमा नैतिक शिक्षा, करेसाबारी, फुलबारी तथा वृक्षारोपण जस्ता अतिरिक्ततथा सह - कृयाकलाप अनिवार्य गर्न लगाइ शैक्षिक वातावरण निर्माण गर्न निर्देशनदिइनेछ ।
- विद्यालय उमेर समुहका बालबालिकाहरुलाइ जुकाको औषधी, फोलिक तथा आइरन चक्की, कक्षा- ६ सम्म दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, किशोरीहरुलाइ सेनेटरीप्याडलगायतका कार्यक्रमहरुलाइ निरन्तरता प्रदान गरिनेछ ।
- प्रत्येक वडामा वडा शिक्षा समिती गठन गरि शैक्षिक व्यवस्थापनमा वडा शिक्षा समितिलाई परिचालन गरिनेछ।
- विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धा गराउन वडा तथा नगरमा विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- नगरपालिकाको शिक्षा लाई व्यवस्थापन गर्न शिक्षा नियमावली निर्माण गरी कार्यान्वयनमा लगिनेछ।
- शिक्षकको पेशागत विकासका कार्यक्रमलाई प्राथमिकतामा राखी आवश्यक बजेट व्यवस्थापन गरिनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।
- विद्यालय खाजा कार्यक्रमको उचित व्यवस्थापन गरिने छ |
- शौचालय, खानेपानी, फोहर फाल्ने खाल्डो, खाजाघर निर्माण र मर्मत सम्भारको लागि कोषको व्यवस्था गरिने छ |

- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी कार्यन्वयनको लागि शिक्षक तथा अभिभावकलाई तालिमको व्यवस्था गरिने छ |
- दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि विद्यालय सम्म ढुवानीको व्यवस्था गरिने छ |
- ठुला विद्यालय विकास कार्यक्रमलाई साझेदारी प्रदान गरिने छ |
- विद्यालय पढ्दै कमाउदै कार्यक्रममा साझेदारी प्रदान गरिने छ |

**<u>युवा तथा खेलकूदः</u>**

- खेलकुद विकासका लागि खेलकुद सामग्री, खेलमैदान तथा खेलकुद पूर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।
- युवा प्रतिभाहरुको पहिचान  गरी उनीहरुलाई प्रोत्साहन गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनलाई  निरन्तरता दिइनेछ ।
- बढ्दो बेरोजगारी समस्यालाई दृष्टिगत गरी युवा उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक जागरण रुपान्तरण र सम्बृद्धिका लागि युवा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक रुपान्तरणका लागि  युवाहरु परिचालन अभियान संचालन गरिनेछ ।
- नगर खेलकुद विकास समिति गठन गरिनेछ ।
- युवाहरुको खेलकुदको माध्यमबाट क्षमता विकास गरिनेछ ।
- नगर प्रमुख रनिङ्ग शिल्ड प्रतियोगिताको सुरुवात गरिनेछ ।
- नगर उपप्रमुख खुल्ला खेलकुद प्रतियोगिता सुरुवात गरिनेछ ।

**<u>सामाजिक सुरक्षा</u>**

- सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई प्रणालीमा अध्यावधिक विवरण सहितको परिचयपत्र उपलब्ध गराईनेछ।
- १४ वटै वडामा व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाईन प्रणालीमा निरन्तरता दिईनेछ साथै उक्त कार्यलाई थप सुदृढीकरणका गर्नका लागि अतिआवश्यक रंगिन प्रिन्टर सहितको कम्प्युटर सेटको उपलब्धता गराईनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि प्रत्येक वडामा सरोकारवालाहरुसँग अन्तरक्रिया  कार्यक्रम संचालन गरिनेछ।
- वडा सचिवहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीसम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई वडाको टोलस्तरमा सर्वसाधारणको निकटमा पुगेर सेवा प्रदान गरी, सर्बसुलभ रुपमा सबैको पहुँच अभिवृद्धि हुने गरी सम्बन्धी दर्ता शिविर सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ताको २०७४ साल श्रावण भन्दा अगाडिको उपलब्ध भएसम्मका सम्पूर्ण विवरणहरुको डिजिटाईज गरेर तथ्याङ्कलाई सुरक्षित रुपमा भण्डारण गरि दिगो र पार्दर्शी बनाईनेछ।
- अपाङ्गता भएका (ग र घ वर्गका) व्यक्तिहरुलाई आर्थिक सहायता वितरण कार्यलाई निरन्तरता दिईनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाउन मासिक रुपमा वडा सचिवहरुको बैठक आयोजना गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धि मासिक प्रतिवेदन संकलन गरी उक्त कार्यक्रममा  वडा कार्यालयमा देखा परेका समस्या र समाधानका उपायको बारेमा छलफल गरिनेछ।
- असक्त अपाङ्गगता भएका व्यक्तिहरु, ०५ वर्ष मुनिका बालबालिकाहरु र ६८ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घरदैलोमा गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाईनेछ।

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ।

**न्यायिकः**

- न्यायिक निरुपणका लागि यस नगरपालिकाको न्यायिक समितिमा दर्ता हुन आउने विभिन्न मुद्धा तथा उजुरीहरुलाई अनलाइन प्रणाली मार्फत दर्ता गर्ने प्रक्रिया तदारुकताका साथ अगाडी बढाइनेछ।
- वडा तहमा रहेका मेलमिलाप केन्द्रहरुका मेलमिलापकर्ताहरुको लागि न्यायिक मामिला सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरी मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ।
- वडा तहमा रहेका मेलमिलाप केन्द्रहरुलाई आवश्यकता र औचित्यताको आधारमा भौतिक साधन स्रोत उपलब्ध गराउने नीति लिईनेछ।
- कानुनी सचेतनाका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**प्रशासन, संगठन विकास तथा सुशासन :**

- प्रशासनलाई प्रभावकारी वनाउन कर्मचारीलाई बदलिदो परिस्थिति अनुसारको सिप, ज्ञान र क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका तालिमको आयोजना गरिनेछ।
- स्थानीय तह स्वमूल्याङ्कन अभिमूखिकरण कार्यक्रम गरिनेछ।
- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण यसै आ.ब. भित्र गरिनेछ।
- नगरपालिकाको मध्यकालीन खर्च संरचना तर्जुमा गरिनेछ।
- सर्वोत्कृष्ट कार्य गर्ने १ जना कर्मचारीलाई रु.२५ हजार र उत्कृष्ट कार्य गर्ने २ जना कर्मचारीहरुलाई जनही १५ हजारका दरले पुरस्कृत गर्ने नीति लिइनेछ।
- सार्बजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण र सामाजिक परिक्षणलाई अनिवार्यरुपमा अवलम्बन गरी सुशासन र पारदर्शिता प्रवर्द्धनमा जोड दिईनेछ,
- वडाको राजश्व क्षमता तथा कार्य सम्पादनको आधारमा त्यहाँ कार्यरत कर्मचारीको सेवा सुविधा थप गर्न सकिनेछ।
- नगरपालिकाको करार सेवाको कर्मचारीले पहिले देखि नै पाउदै आएको पोशाक भत्ता रु. १० हजार लाई निरन्तरता दिईनेछ ।
- करार सेवाका कर्मचारीहरुलाई समयानुकुल तलब बृद्धि गरिने व्यवस्था मिलाइनेछ,
- वडा तहको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ।
- सूचकाङ्कको आधारमा वडा तथा जनप्रतिनिधीहरुलाई सम्मान गरिनेछ।
- कर्मचारी लाई उत्प्रेरित गर्न मौद्रिक तथा अमौद्रिक सुविधाहरु थप गरिनुका साथै कर्मचारी आवासका लागि यसै आ.व. मा कार्य अगाडि बढाइनेछ।
- विभिन्न संजालहरु र टोल विकास समितिहरुको संस्थागत विकासमा जोड दिईनेछ।
- बजार व्यवस्थापन समिति गठन गरि नगरपालिका संगको साझेदारीमा बजार क्षेत्रको समस्याहरु समाधान गर्दै लगिनेछ।

**आर्थिक प्रशासन तथा राजस्व परिचालनः**

- नगरपालिकामा सबैभन्दा बढि कर तिर्ने उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ।
- करको दर वृद्धि गर्नुभन्दा पनि करको दायरा फराकिलो पारी सबै व्यवसायीहरुलाई करको दायरामा ल्याइने छ। कर संकलनबाट प्राप्त आयस्रोतबाट पछाडि परेका समुदाय तथा बर्गको उत्थान तथा सशक्तिकरणका कार्यक्रमहरु गरिनेछन।

- राजस्व परिचालन सम्बन्धी नीति, ऐन, कार्यविधि तथा मापदण्ड तर्जुमा गरिनेछ ।
- राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र संचालन गरिनेछ साथै करदाता शिक्षा कार्यक्रम वडा स्तरमा गरिनेछ ।
- राजस्व सम्बन्धी थप ज्ञान सीप अभिबृद्धि गर्न तथा थप राजस्व संकलनमा सहयोग पुर्याउन अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकास साझेदारसंग समन्वय तथा अन्तरसंवाद कार्यक्रम गरिनेछ ।
- राजस्व परामर्श समिति तथा शाखा सुदृढीकरण कार्यक्रम गरिनेछ ।
- राजस्व परिचालन र अनुगमन कार्यक्रम गरिनेछ ।
- अन्तर स्थानीय तह , संघिय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकाश साझेदार समन्वय तथा अन्तरसम्बाद कार्यक्रम सञ्चालन गरिनेछ ।

**पर्यटन संस्कृतिः**

- **"हाम्रो कला हाम्रो संस्कार अछामी भाषा हाम्रो सरोकार"** मूल नारा बनाई परम्परागत चाडपर्ब, कला संस्कृतिको विकास, संरक्षण र संबर्द्धन गरिनेछ ।
- पर्यटन विकासको लागि सरकारी तथा गैरसरकारी निकायसंग नगरपालिकाले समन्वय गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरभित्र पर्यटन पूर्वाधार (खानेपानी, विश्राम गृह, संकेत बोर्ड, पैदल मार्गको स्तरोन्नती) को विकासलाई प्राथमिकतामा राखी सोही मुताविक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- पर्यटकीय गन्तब्यहरुमा स्थानीयवासीलाई कुक, गाइड, अतिथि सत्कार जस्ता तालिमहरु प्रदान गरी स्थानीय रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।
- खप्तड क्षेत्रको पर्यटनलाई प्रवर्द्धन गर्न नगरपालिका तथा यस अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई बर्षको एक पटकका लागि भ्रमण गर्न प्रोत्साहन गरिनेछ ।
- साहित्य ,सस्कृति तथा पर्यटन विकास समिति गठन गरिनेछ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- यस नगरपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।
- यस स्थानिय तहले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
- नगरपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरि सञ्चालन गरिनेछ ।
- नगरपालिका अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार बनाउन सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोही प्रकारका काममा On the Job Training को व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई पूर्व प्रस्थान अभिमुखिकरण लगाएतका अन्य वैदेशिक रोजगार सँग सम्बन्धित तालिमहरुको व्यवस्था गरिनेछ ।
- विभिन्न तालिक प्रदायक संघ संस्था, शाखा कार्यालयहरु तथा वडा कार्यालयहरु मार्फत भएका तालिमहरुको तथ्याङ्क अध्यावधिक गर्ने तथा उक्त तालिमहरुबाट भए गरेका उपलब्धिहरु सँग सम्बन्धित स्वरोजगार तथा रोजगारी चित्रण गरिनेछ ।

**सहकारी सम्बन्धीः**

- केन्द्रीय संघको साझेदारीमा सहकारी आधारभूत क्षमता विकासको लागि (आधारशिला) बिशेष कार्यक्रम गरिनेछ ।

- सहकारी व्यवसाय प्रवर्दन तालिम सञ्चालन गरिनेछ ।
- नेतृत्व तथा संस्थागत विकास तालिम सञ्चालन गरिनेछ ।
- कोपोमिस तथा सहकारी लेखा व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।
- सहकारी शिक्षा तथा सहकारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अनुगमन तथा व्यबस्थापनका क्रियाकलापहरु सञ्चालन गरिनेछन ।
- सहकारीको अवस्था अध्धयन गरि सहकारीलाई ब्यबस्थित गर्ने गरि सहकारी साझेदारी कार्यक्रम लागु गरिनेछ ।

**सीप विकास :**

- लक्षित बर्गलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गरी सीपमूलक तालिम प्रदान गरी सशक्तिकरण गरिनेछ,
- स्थानीय स्रोत साधनमा आधारित रही स्वरोजगारी सिर्जना हुने गरी सीपमूलक तालिम सञ्चालनमा जोड दिइने छ,
- तालिम लिई व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिहरुलाई नगरपालिका बाट गरिने सहयोगलाई निरन्तरता दिईनेछ
- कार्यक्रमका लागि कार्यपालिका बैठकबाट छनोट भएका वडाहरुमा १ दिने अभिमूखिकरण कार्यक्रम गरिनेछ ।
- नवउद्यमीहरुलाई उद्यम सञ्चालनका लागि प्रविधि हस्तान्तरण गरिनेछ ।
- उत्पादित वस्तु तथा सेवाको बजारीकरण र प्रबर्द्धन गरिनेछ ।

**उद्योगः**

- "आर्थिक रुपान्तरणका लागि युवा परिचालन युवा उद्यमी निर्माण हाम्रो अभियान" नारालाई मूर्तता दिन स्थानीय श्रोत साधन प्रयोगकर्ता उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा वृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ ।
- प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।
- प्रतिषपर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमी स्तरोन्नती आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- आगामी ५ बर्ष भित्र चिया खाने स्टिलको कपलाई बिस्थापित गरि माटोको कपको व्यवस्था गरिनेछ र नास्ता खाने प्लेटलाई बिस्थापित गरि दुना टप्परीको व्यवस्था गरिनेछ ।

# बजेट तथा कार्यक्रम

आ.व. : २०७९/८० माथिल्लो बजेट उपशीर्षक : साँफेबगर नगर कार्यपालिका

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | उप क्षेत्र | जम्मा |
|---|---|---|---|---|
| संघीयतथा प्रदेश राजश्व बाँडफाड तर्फ | | | | |
| १ | पारिश्रमिक कर्मचारी | २११११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५०००००० |
| २ | पारिश्रमिक पदाधिकारी | २१११२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५००००० |
| ३ | कर्मचारी पोशाक | २११२१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६००००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | कर्मचारी स्थानीय भत्ता | २११३१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३०००० |
| ५ | कर्मचारीमहंगी भत्ता | २११३२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२३०००० |
| ६ | कर्मचारी फिल्ड भत्ता | २११३३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११२०००० |
| ७ | कर्मचारी प्रोत्साहन | २११३५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३००,००० |
| ८ | पदाधिकारी बैठक भत्ता | २११४१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०००००० |
| ९ | पदाधिकारी अन्य सुबिधा | २११४२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४००००० |
| १० | सुचनातथा संचार | २२११२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०००००० |
| ११ | सवारीसाधन मर्मत खर्च | २२११३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६०००००० |
| १२ | इन्धन (पदाधिकारी) | २२२११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००००० |
| १३ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५००००० |
| १४ | मसलन्दतथा कार्यालय सामाग्री | २२३११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५००००० |
| १५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०००००० |
| १६ | कार्यालयसंचालन खर्च | २२३१९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५००००० |
| १७ | अन्यसेवा शुल्क | २२४१९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५०००००० |
| १८ | सेवार परामर्श खर्च | २२४११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३५००००० |
| १९ | कर्मचारीतालिम खर्च | २२५११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००००० |
| २० | उपभोक्तासामिति अभिमुखीकरण | २२५२९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५००००० |
| २१ | खेलकुदविकास | २२५२२ | युवा तथा खेलकुद | ९५००००० |
| २२ | सूचनाप्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०००००० |
| २३ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०००००० |
| २४ | पदाधिकारीभ्रमण खर्च | २२५२९ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ८००००० |
| २५ | घरभाडा | २८१४२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००००० |
| २६ | विविधखर्च | २२७११ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३५००००० |
| २७ | सवारीसाधन तथा मेशिनर औजार भाडा | २८१४३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४८२००० |
| २८ | क्षमताअभिवृद्धि तालिम | २२५२९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५००००० |
| २९ | सार्वजनिकसम्पत्तिको मर्मत सम्भार | २२५२९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७००००० |
| ३० | अतिथिसत्कार | २२५२९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००००० |
| ३१ | विशिष्टव्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७००००० |
| ३२ | कर्मचारीकल्याण कोष अनुदान | २२५२९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०००००० |
| ३३ | स्थानीयतह प्रकोप व्यबस्थापन कोष | २७२१२ | सामाजिक सुरक्षा तथा संरक्षण | २५००००० |

| | | | | |
|---|---|---|---|---|
| ३४ | विपन्नआर्थिक सहयोग | २१२१९ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १५००००० |
| ३८ | फर्निचरएण्ड फिक्चर्स | ३११३१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५००००० |
| | सामुदायिकपरिचालिका प्रोत्साहन | २२५२२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७८००० |
| | महिलास्वास्थ्य स्वयम् सेविका प्रोत्साहन (प्रतिमहिनारु.५००) | २२५२२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९१६५०० |
| ३९ | मेसिनरीऔचार | ३११३२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२०५५०० |
| **जम्मा** | | | | **११८६६२०००** |

आन्तरिक आय तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | अन्य सेवा शुल्क | २२४१९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५५००००० |
| २ | स्थानीय तहप्रकोप व्यबस्थापन कोष | २७२१२ | सामाजिक सुरक्षा तथा संरक्षण | २५००००० |
| ३ | पदाधिकारी बैठकभत्ता | २११४१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७००००० |
| ४ | पारिश्रमिकपदाधिकारी | २१११२ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५५००००० |
| ५ | सवारीसाधन तथा मेशिनर औजार भाडा | २८१४३ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५१८००० |
| ६ | अन्य योजना | | विकास निर्माणयोजना | १०२८२००० |
| **जम्मा** | | | | **२५००००००** |

| | | | | |
|---|---|---|---|---|
| वित्तीय समानीकरणतर्फ | | | | |
| १ | वडा सडकमर्मत तथा सरसफाई | | पूर्वाधार विकास | ६०००००० |
| २ | समपुरक कोष | | पूर्वाधार विकास | १००००००० |
| ३ | विद्यालय कर्मचारी तह बाल विकास सहजकर्ता | | सामाजिक विकास | १४०००००० |
| ४ | वयलपाटा अस्पताल अनुदान | | सामाजिक विकास | १००००००० |
| ५ | लक्षित समुह कार्यक्रम | | सामाजिक विकास | २५००००० |
| ६ | बजार समिति परिचालन तथा व्यावस्थापन | | सामाजिक विकास | २०००००० |
| ७ | संस्कृति पर्यटन तथा साहित्य | | आर्थिक विकास | २५००००० |
| ८ | कृषक उत्थान तथा पकेट क्षेत्र विकास कार्यक्रम | | आर्थिक विकास | १००००००० |
| ९ | स्थानीय श्रोतमा आधारित साना उद्योग विकास कार्यक्रम | | आर्थिक विकास | १०००००० |
| १० | नगरक्षेत्र खानेपानी तथा सरसफाई | | सामाजिक विकास | १००००००० |
| ११ | सहकारी प्रबर्द्धन तथा प्रोत्साहन कार्यक्रम | | आर्थिक विकास | २०००००० |
| १२ | बहुक्षेत्रीयपोषण कार्यक्रम | | सामाजिक विकास | १५००००० |
| १३ | सुत्केरी पोषण प्रबर्द्धन कार्यक्रम | | सामाजिक विकास | १०००००० |
| १४ | ग र घ बर्गका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता | | सुशासन | २०००००० |

| | | | | |
|---|---|---|---|---|
| १५ | २५ युनिटसम्म विद्युत छुट महशुल | | सुशासन | २५००००० |
| १६ | घर तथा व्यवशाय परिचय पत्र वितरण | | सुशासन | १०००००० |
| १७ | मिडिया (सुचना सामाग्री प्रशारण तथा उत्पादन) | | विपद जोखिम | ५०००००० |
| १८ | गैर सरकारी संस्था साझेदारी कार्यक्रम | | सुशासन | १०००००० |
| १९ | विद्यालय शैक्षिक अनुदान | | सामाजिक विकास | १०००००००० |
| २० | शिविर संचालन अनुदान | | विपद जोखिम | ५००००० |
| २१ | वडा चालुखर्च | | कार्यालय संचालनखर्च | १४०००००० |
| २२ | टोल विकास संस्था गठन तथा परिचालन | | सुशासन | १२६०००० |
| २३ | गरिब तथा जेहेन्दार विद्यार्थी छात्रवृति | | सुशासन | १०००००० |
| २४ | कक्षा ५ को नगर स्तरीय परिक्षा संचालन तथा व्यवस्थापन | | सामाजिक विकास | १०००००० |
| २५ | अन्य | | | २१३४१००० |
| **जम्मा** | | | | **१३३१०१०००** |

सशर्त अनुदानतर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | संघीय सरकार सशर्तअनुदान | | विविध शिर्षक | ३९३१००००० |
| २ | राष्ट्रिय मा.वि बाब्ला भवन निर्माण | | संघीय सरकार विशेष अनुदान | १४०००००० |
| ३ | ३ नं वडाकार्यालय भवन निर्माण | | संघीय सरकार समपुरक अनुदान | ४०००००० |
| ४ | दोगाडेखानेपानी निर्माण -१० नं वडा | | प्रदेशसरकार विशेष अनुदान | २५००००० |
| ५ | सुर्यचन्द्र मा.वि अधुरो छात्राबास भवन निर्माण | | प्रदेश सरकार समपुरक अनुदान | २४००००० |
| जम्मा | | | | ४१६०००००० |
| कुल जम्मा | | | | ६९२७६३००० |

**उपस्थित आदरणीय नगरसभा सदस्य ज्यूहरुः**

आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट समग्र नगरवासीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने मैले विश्वास लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न विभिन्न ठाँउबाट सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, साँफेबगर नगरपालिका नगरकार्यपालिकाका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, नगरस्तरीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी, साँफेबगर नगरपालिकाका राष्ट्रसेवक कर्मचारी साथीहरु लगायत नगरवासीहरुलाई विशेष धन्यवाद दिदै यसको सफल कार्यान्वयनमा समेत यहाँहरुको उल्लेखनीय सहयोगको अपेक्षा राख्दै आफ्नो तर्फबाट यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**उपस्थित नगरसभा सदस्यज्यूहरु,**

साँफेबगर नगरपालिकाको आ.व.२०७८/७९ को लागि प्रथम नगरसभा सञ्चालनको यस गरिमामय सभा समक्ष साँफेबगर नगरपालिकाले लिएको रणनैतीक आवधिक योजनाको दूरदृष्टिको रुपमा रहेको सन्तुलित विकास, सम्मानित जीबन, समावेशी पूर्वाधार प्रविधि तथा वातावरणीय सन्तुलन सहित समाजबाद उन्मुख साँफेबगर नगरको रुपमा आगामी आ.व. मा सञ्चालन गरिने गतिविधिहरुको लागि वजेट छुट्याइनेछ ।

<u>अध्यक्ष महोदयः</u>

अन्तमा नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका लागि यस सभामा उपस्थित नगर सभासदज्यूहरुको सल्लाह तथा सुझाबको अपेक्षा गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विभिन्न चरणहरु पार गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने महत्वपूर्ण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुर्याउनुहुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजस्व परामर्श समिति र विषयगत समितिका पदाधिकारीहरु एबं सम्पूर्ण राष्ट्र सेवक कर्मचारी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमले यस नगरपालिकाको सन्तुलित विकासमा फलदायी हुने कुरामा विश्वस्त भई यसको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर रचनात्मक सहयोग, प्रेरणा, सल्लाह र सुझाबको अपेक्षा गर्दछु । धन्यबाद ।

**शिब बहादुर कुँवर**

नगर उप-प्रमुख

**साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

**साँफेबगर, अछाम**

दिनांक २०७९ साल आषाढ १० गते शुक्रबार